# नेपालका विद्यालयहरूमा पाठ्यक्रम विभेदिकरणका समस्या र समाधानका उपाय

**✸केशवसिंह धामी**
keshabsinghdhami3@gmail.com
**✸ कृष्ण बहादुर जि.सी.**

**अध्ययनसार**

यस अध्ययनले नेपालका विद्यालयहरूमा पाठ्यक्रम विभेदिकरणको वर्तमान अवस्था, त्यसका समस्या र चुनौतीहरू तथा सम्भावित समाधानहरूको खोजी गरेको छ । गुणात्मक अनुसन्धान विधि अपनाई शिक्षक र विद्यालय प्रशासनसँग अन्तर्वार्तामार्फत तथ्याङ्क सङ्कलन गरिएको यस अध्ययनका मुख्य उद्देश्यहरू पाठ्यक्रम विभेदिकरणको कार्यान्वयनको अवस्थाको विश्लेषण, विभेदिकरणमा देखिएका समस्या र चुनौतीहरूको पहिचान र समाधानका उपायहरूको अन्वेषण रहेका छन् । Gardner को बहु-बुद्धिमत्ता सिद्धान्त र Tomlinson को विद्यार्थी केन्द्रित विभेदिकरण अवधारणाले बहुविधागत सिकाइ आवश्यकतालाई सम्बोधन गर्न पाठ्यक्रम विभेदिकरणको महत्त्वलाई जोड दिन्छ। प्राप्त तथ्याङ्कको विश्लेषणबाट स्रोत र साधनको अभाव, शिक्षक तालिमको कमी, समय र शिक्षकको बढी कक्षा भार तथा मूल्याङ्कन प्रणालीका जटिलताहरू प्रमुख समस्याहरू रहेको पाइन्छ। शिक्षकहरूले व्यावहारिक तालिम, साधन र स्रोतको उपलब्धता, समय व्यवस्थापन र लचकतायुक्त मूल्याङ्कन प्रणालीको आवश्यकतालाई जोड दिएका छन् । यस अध्ययनले नेपालका विद्यालयहरूमा पाठ्यक्रम विभेदिकरणलाई प्रभावकारी बनाउन शिक्षकको क्षमता विकास, स्रोत तथा प्रविधिको अभिवृद्धि र नीतिगत सुधार अनिवार्य रहेको निष्कर्ष निकालेको छ। यसबाट शैक्षिक समानता र गुणस्तरीय शिक्षा सुनिश्चित गर्न योगदान पुऱ्याउने अपेक्षा लिन सकिन्छ।

**प्रमुख शब्दावली** : पाठ्यक्रम विभेदिकरण, शिक्षक तालिम, शैक्षिक समानता, स्रोत साधन, समय व्यवस्थापन

**विषयपरिचय**

शिक्षा मानव विकासको आधार स्तम्भ हो र समावेशी शिक्षा अहिलेको शैक्षिक बहसको केन्द्रविन्दुमा छ। विशेष गरी नेपालजस्तो जातीय, भाषिक, सामाजिक, भौगोलिक र आर्थिक विविधता भएको देशमा समान शिक्षा प्रणाली सबै विद्यार्थीका लागि उपयोगी हुन सक्दैन । नेपालका विद्यालयहरूमा विभिन्न समुदाय, वर्ग, भाषा, क्षमता, सीप र पहुँच भएका विद्यार्थीहरू अध्ययनरत छन् । जसले समान पाठ्यक्रम र समान शिक्षण पद्धतिबाट समान सिकाइ परिणाम प्राप्त गर्न असम्भव देखिन्छ । यस्तो अवस्थामा, पाठ्यक्रम विभेदिकरण (Curricular differentiation) को अभ्यास अत्यन्त आवश्यक र सान्दर्भिक बन्छ सक्छ । पाठ्यक्रम विभेदिकरण भन्नाले विद्यार्थीहरूको व्यक्तिगत आवश्यकताहरू, रुचि, क्षमता, सामाजिक पृष्ठभूमि तथा सिकाइ शैलीअनुसार शिक्षण सामग्री, पठनपाठन प्रक्रिया, सिकाइ वातावरण र मूल्याङ्कन विधिहरूमा आवश्यक समायोजन वा फरकपन ल्याउने कार्यलाई जनाउँछ (Tomlinson, 2014)। यसको मूल उद्देश्य सबै विद्यार्थीलाई यथासम्भव उपयुक्त सिकाइ वातावरण प्रदान गर्नु र कोही पनि विद्यार्थी शैक्षिक प्रक्रियाबाट अलग हुन नपरोस भन्ने हो । यद्यपि पाठ्यक्रम विभेदिकरणको सिद्धान्त आकर्षक र सैद्धान्तिक रूपमा उपयोगी देखिए पनि नेपालजस्ता स्रोत साधन, नीति र संरचनागत अभाव भएको देशमा व्यवहारमा यसको कार्यान्वयन चुनौतीपूर्ण रहँदै आएको छ।

नेपालका विद्यालयहरूमा पाठ्यक्रम विभेदिकरण गर्दा देखापर्ने समस्याहरु बहुआयामिक छन् । सबै शिक्षकहरू विभेदिकरणका सिद्धान्त र प्रविधिबारे पर्याप्त मात्रामा जानकार भएको पाइँदैन । विद्यालयमा शिक्षणका लागि आवश्यक स्रोत सामग्री र प्रविधि आवश्यकताअनुसार पहुँचमा भएको देखिँदैन । विद्यार्थीको सङ्ख्या बढी हुनु र समयको अभाव हुनुले शिक्षकलाई व्यक्तिगतरुपमा ध्यान दिन असम्भव जस्तै बनाएको छ। साथै राष्ट्रिय पाठ्यक्रम प्रारूप र मूल्याङ्कन प्रणाली अझै पनि समान र स्थिर मानकमा आधारित भएकाले विद्यार्थीबीचको भिन्नतालाई समेट्न असक्षम देखिन्छ (MOEST, 2020)। यी समस्याहरूले पाठ्यक्रम विभेदिकरणको अवधारणालाई व्यवहारमा जटिल बनाएका छन् । यस्ता जटिलताहरूको गहन विश्लेषण गरी यसको समाधानका उपायहरू पहिचान गर्नु आवश्यक छ । यसबाट शिक्षा सबैका लागि साँचो अर्थमा समावेशी र समान पहुँचयुक्त बनाउन सकिन्छ । यस लेखमा नेपालका विद्यालयहरूमा पाठ्यक्रम विभेदिकरण गर्दा देखापर्ने समस्याहरू, त्यसका कारणहरू र सुधारका उपायहरूमा गहिरो अध्ययन गरिएको छ।

**✸ लेखकद्वय त्रिभुवन विश्वविद्यालयअन्तर्गत महेन्द्ररत्न क्याम्पस, ताहाचल,काठमाडौँमा प्राध्यापनरत हुनुहुन्छ।**

शिक्षामा पहुँच, समावेशीता र समानताको सुनिश्चितता आजको विश्वव्यापी शैक्षिक प्राथमिकता हो । नेपालले पनि समावेशी शिक्षाको अवधारणा अपनाउँदै सबै विद्यार्थीलाई समान शैक्षिक अवसर उपलब्ध गराउने नीति लिएको छ। तर व्यवहारमा विद्यालयहरूमा विविध सामाजिक, सांस्कृतिक, भाषिक, भौगोलिक र शारीरिक पृष्ठभूमिबाट आएका विद्यार्थीहरूका आवश्यकता, क्षमता र रुचिका आधारमा पाठ्यक्रम अनुकूलन वा पाठ्यक्रम विभेदिकरण (Curricular differentiation) गर्न सक्ने अभ्यास अत्यन्तै सीमित देखिन्छ (MOEST, 2020)। विशेष गरी सामुदायिक विद्यालयहरूमा एकै कक्षामा धेरै सङ्ख्याका विद्यार्थी, शिक्षकको कार्यभार, सामग्री तथा प्रविधिको अभाव र विभेदिकरणसम्बन्धी पेसागत तालिमको कमीले गर्दा सबै विद्यार्थीको आवश्यकता सम्बोधन गर्न असम्भवजस्तै देखिन्छ (भट्टराई, सन् २०२२)। शिक्षणमा एकै विधि, एकै समय तथा एउटै मूल्याङ्कन प्रविधि अपनाइँदा विविध आवश्यकता भएका विद्यार्थीहरू शिक्षाबाट वञ्चित हुने गर्दछन्। यस अर्थमा नेपालको विद्यालय शिक्षामा पाठ्यक्रम विभेदिकरणको अभावले शैक्षिक विभेदिकरण गहिरिँदै गएको छ र यहाँ केही विद्यार्थीले मात्र लाभ उठाउन सक्छन् भने धेरै विद्यार्थीहरु सिकाइको समान अवसरबाट बञ्चित भएका छन् । राष्ट्रिय शैक्षिक नीतिहरूले समावेशी र विविधता-मैत्री शिक्षाको कुरा गरे तापनि त्यसको व्यावहारिक कार्यान्वयनमा नीति र अभ्यासबीच गहिरो खाडल देखिन्छ। यसले सिकाइको गुणस्तरमा गम्भीर प्रश्न उठाएको छ (UNESCO, 2023)। यस पृष्ठभूमिमा नेपालको विद्यालय शिक्षामा पाठ्यक्रम विभेदिकरणको वर्तमान अवस्था, त्यसमा देखिएका प्रमुख समस्याहरू, तिनीहरूका कारणहरू र समाधानका सम्भावनाहरूको खोज आवश्यक छ। के नेपालका विद्यालयहरूले सबै प्रकारका विद्यार्थीलाई सम्बोधन गर्नसक्ने खालको पाठ्यक्रम विभेदिकरणको अभ्यास गर्न सकिरहेका छन् ? यदि छैनन् भने त्यसका प्रमुख समस्याहरू के-के हुन् ? समाधानका उपायहरु के-के हुन सक्छन् ? यस अध्ययनले यिनै प्रश्नहरूको उत्तर खोज्ने प्रयास गरेको छ।

पाठ्यक्रम विभेदिकरण (Curricular differentiation) को अवधारणा शिक्षाक्षेत्रमा विद्यार्थी-केन्द्रित शिक्षण पद्धतिसँग गहिरो रूपमा जोडिएको छ। यो अवधारणा त्यतिखेर विशेष चर्चामा आयो जब शिक्षाले विविध पृष्ठभूमिका विद्यार्थीहरूलाई समेट्ने प्रयास गर्न थाल्यो । सैद्धान्तिक रूपमा यस अवधारणाको आधार समावेशी शिक्षा (Inclusive education), बहुसांस्कृतिक शिक्षा (Multicultural education) र विकासात्मक मनोविज्ञान (Developmental psychology) मा आधारित छ।

## Tomlinson को विविधिकरण नमुना

Carol Ann Tomlinson - 2014 पाठ्यक्रम विभेदिकरण सन्दर्भमा सबैभन्दा व्यापक रूपमा उद्धृत सैद्धान्तिक विद्वान् हुन् । उनले विभेदिकरणलाई यस्तो प्रक्रियाका रूपमा परिभाषित गरेकी छन् जसले शिक्षकलाई विद्यार्थीको रुचि, सीप, पूर्वज्ञान र सिकाइ शैलीअनुसार सिकाइका विभिन्न पक्षहरूमा समायोजन गर्न सक्षम बनाउँछ। उनको Differentiated classroom model ले सिकाइका निम्न चार पक्षमा भिन्नता ल्याउनुपर्ने उल्लेख गर्छः

क. सामग्री (Content) - सिकाइको विषयवस्तु, स्रोत र ज्ञान।
ख. प्रक्रिया (Process) - विद्यार्थीले सिक्ने तरिका वा गतिविधिहरू।
ग. उत्पादन (Product) - विद्यार्थीले आफ्नो सिकाइ प्रस्तुत गर्ने माध्यम।
घ. सिकाइ वातावरण (Learning environment) - कक्षा व्यवस्थापन र सम्बन्धको गुणस्तर।

Tomlinson को मोडलले प्रत्येक विद्यार्थीलाई समान अवसर दिनुपर्ने होइन तर उपयुक्त अवसर दिनुपर्ने तर्क गर्छ जसले शिक्षामा न्याय सुनिश्चित गर्छ।

### Vygotsky को सामाजिक सांस्कृतिक सिद्धान्त र विकासको निकटवर्ती क्षेत्र

Lev Vygotsky -1978 ले प्रस्तुत गरेको Zone या Proximal Development (ZPD) को अवधारणाले पाठ्यक्रम विभेदिकरणको मनोवैज्ञानिक आधार तयार गर्छ। ZPD त्यो क्षेत्र हो जहाँ विद्यार्थी स्वतन्त्र रूपमा गर्न नसक्ने तर उचित सहयोग (Scaffolding) पाउँदा गर्न सक्ने हुन्छन्। विभेदिकरणको सन्दर्भमा ZPD ले सबै विद्यार्थी एकै स्तरमा छैनन् र तिनीहरूको सिकाइ सहयोग फरक-फरक हुनुपर्छ। शिक्षकले मार्गदर्शनर र शैक्षिक सहयोगको माध्यमबाट व्यक्तिगत भिन्नतालाई सम्बोधन गर्नुपर्छ भन्ने कुरा देखाउँछ।

### Howard Gardner को बहुबुद्धिमत्ता सिद्धान्त

Gardner -1983 ले प्रस्तुत गरेको Multiple intelligence theory ले मानिसहरूसँग विभिन्न प्रकारका बौद्धिक क्षमताहरू हुन्छन् जस्तैः भाषिक, तार्किक, साङ्गीतिक, शारीरिक, अन्तरवैयक्तिक आदि । यस सिद्धान्तको आधारमा शिक्षकले पाठ्यक्रम यस्तो बनाउनु पर्छ जसले विभिन्न प्रकारका बौद्धिक क्षमता भएका

विद्यार्थीहरूलाई सम्बोधन गर्न सकोस् । यसको अर्थ एकै किसिमको पाठ्यक्रम सबैका लागि उपयुक्त हुँदैन भन्ने हो ।

**Banks को बहुसांस्कृतिक शिक्षा सिद्धान्त**

James A. Banks -2015 ले प्रस्तुत गरेको बहुसांस्कृतिक शिक्षाको सैद्धान्तिक अवधारणाले पाठ्यक्रम विविध सामाजिक, जातीय, भाषिक र सांस्कृतिक पृष्ठभूमिका विद्यार्थीहरूको प्रतिनिधित्व गर्ने खालको हुनुपर्छ भन्ने कुरामा जोड दिन्छ । यस सैद्धान्तिक दृष्टिकोणअनुसार पाठ्यक्रम विभेदिकरण मात्र शैक्षिक विधि होइन, यो सामाजिक न्याय र समावेशीताको अभ्यास पनि हो ।

**अनुभवजन्य समीक्षा (Empirical Review)**

विगतका विभिन्न अनुभवजन्य अध्ययनहरूले नेपालका विद्यालयहरूमा पाठ्यक्रम विभेदिकरण (Curricular differentiation) को व्यवहारिक कार्यान्वयन धेरै चुनौतीपूर्ण रहेको देखाएका छन् । भट्टराई, सन् २०२२) ले काठमाडौंका सामुदायिक विद्यालयहरूमा गरेको अध्ययनमा शिक्षकहरू सैद्धान्तिक रूपमा विभेदिकरणप्रति सचेत भए पनि व्यवहारमा स्रोतको अभाव, मूल्याङ्कनको कठोरता र तालिमको कमीले उनीहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न असमर्थ बनाएको देखाएका छन् । यसैगरी खनाल र भट्ट (सन् २०२०) ले शिक्षकहरू सकारात्मक मनोवृत्तिसहित पनि समय अभाव, विद्यार्थीको अत्यधिक सङ्ख्या, तथा प्रविधिको सीमितताले विभेदिकरण असहज भएको निष्कर्ष निकालेका छन् । अन्तर्राष्ट्रिय सन्दर्भमा, Subban -2006 ले अष्ट्रेलियामा गरेको अध्ययनमा शिक्षक तालिम, व्यवस्थापनको सहयोग र प्रविधिजन्य पहुँचलाई पाठ्यक्रम विभेदिकरण सफल बनाउन आवश्यक आधारहरूका रूपमा औंल्याएका छन् । Tomlinson -2003 को अध्ययनले भने विभेदिकरणका विभिन्न आयाम जस्तैः विद्यार्थीको तयारी, रुचि र सिकाइ शैलीअनुसार अनुकूलनको प्रयोगले शिक्षामा सकारात्मक परिणाम आउने प्रमाण प्रस्तुत गरेको छ । नेपालकै ग्रामीण विद्यालयहरूमा गरिएको जोशी र अधिकारी (सन् २०२१) को अनुसन्धानले स्थानीय स्रोत र विद्यार्थीको पृष्ठभूमिमा आधारित शिक्षा दिइए पनि नीति र संरचनाको अभावले अभ्यासहरू सुसङ्गत र संस्थागत हुन नसकेको देखाएको छ । यी सबै अध्ययनहरूले नेपालमा पाठ्यक्रम विभेदिकरणको आवश्यकता र प्रयत्न त छ तर यसको प्रभावकारी कार्यान्वयनका लागि बहुपक्षीय सहयोग, संरचना र दीर्घकालीन रणनीति आवश्यक छन भन्ने कुरा देखाउँछन् ।

यस अध्ययनमा गुणात्मक ढाँचा तथा अवस्था अध्ययन उपागमको प्रयोग गरिएको छ । यसले नेपालका विभिन्न विद्यालयहरूमा पाठ्यक्रम विभेदिकरण गर्ने क्रममा देखिएका समस्या, चुनौती र अनुभवहरूलाई गहिरो रूपमा बुझ्न मद्दत पुऱ्याउँछ । अवस्था अध्ययन सन्दर्भ विशेषमा घटना र प्रक्रिया विश्लेषण गर्ने उपयुक्त विधि हो (Creswell, 2014)। गुणात्मक दृष्टिकोणले सहभागीहरूको अनुभूति, धारणा, व्यवहार र अनुभवलाई गहिरो रूपमा बुझ्न सक्षम बनाउँछ । पाठ्यक्रम विभेदिकरणसम्बन्धी समस्या र चुनौतीहरूलाई शिक्षक, प्रशासन र विद्यार्थीको दृष्टिकोणबाट बुझ्न गुणात्मक विधि उपयुक्त छ । अध्ययनको जनसङ्ख्या काठमाडौं उपत्यकाका सामुदायिक विद्यालयहरूमा कार्यरत शिक्षक, विद्यालय प्रशासक र विद्यार्थीहरू रहेका छन् । सुचना सङ्कलनका लागि ६ जना शिक्षक र २ जना प्रशासकहरुलाई उद्देश्यमूलक नमुना छनोट विधिबाट छानिएको छ । शिक्षक र प्रशासनिक कर्मचारीहरूलाई सोधपुछका लागि विशेष गरी पाठ्यक्रम विभेदिकरणमा संलग्न व्यक्तिहरूबाट चयन गरिएको छ । यसैगरी विद्यार्थीहरूबाट विविध क्षमता र वर्गको प्रतिनिधित्व हुने गरी चयन गरिएको छ । शिक्षक र प्रशासनिक पदाधिकारीबाट गहन सूचना सङ्कलन गर्नका लागि अर्ध-संरचित अन्तर्वार्ता, लक्षित समूह छलफल र दस्तावेज विश्लेषण गरिएको छ ।

**नतिजा र छलफल**

**पाठ्यक्रम विभेदिकरणको वर्तमान अवस्था**

यस अन्तर्गत विविध पक्षहरूको विश्लेषण निम्नअनुसार गरिएको छ-

**सीमित कार्यान्वयन र अपरिपक्व अभ्यास**

पाठ्यक्रम विविधिकरणका विभिन्न पक्षहरूको सिमित कार्यान्वयन तथा अपरिपक्व किसिमको अभ्यासले यसको प्रभावकारीतालाई सङ्कुचित बनाउँछन् । यस सन्दर्भमा प्रतिक्रियादाताको विचार निम्नअनुसार रहेको छ - हामीलाई थाहा छ सबै विद्यार्थीका लागि फरक तरिकाले सिकाउनुपर्छ, तर कक्षा धेरै ठूलो छ र समय कम हुँदा त्यो सम्भव हुँदैन । (अध्यापक २)

पाठ्यक्रम विभेदिकरणको महत्त्व बुझेको भए तापनि व्यवहारमा लागू गर्न धेरै समस्या हुन्छ, सबैलाई एउटै तरिका अपनाउने बाध्यता हुन्छ। (अध्यापक १)

कक्षामा विविध क्षमताका विद्यार्थी हुँदा पनि हामी सबैलाई एउटै सामग्री र विधि प्रयोग गरिरहेका छौं, किनभने अन्यथा सामग्रीको व्यवस्थापन गर्न गाह्रो हुन्छ। (विद्यालय प्रमुख)

यी भनाईहरूले शिक्षक र व्यवस्थापकहरू पाठ्यक्रम विभेदिकरणको अवधारणामा सजग छन् तर व्यवहारमा सफलतापूर्वक लागू गर्न कठिनाइ भोगिरहेका छन् भन्ने कुरा प्रष्ट पार्दछन्। ठूलो विद्यार्थी सङ्ख्या र समयको अभावले शिक्षकहरूलाई वैकल्पिक विधि अपनाउन बाध्य बनाउँछ। Tomlinson -2014 ले पाठ्यक्रम विभेदिकरणलाई विद्यार्थी केन्द्रित शिक्षणको एउटा महत्त्वपूर्ण प्रक्रिया भनेकी छन् जसले विद्यार्थीको क्षमता, रुचि र पूर्वज्ञानलाई मध्यनजर राख्नुपर्छ तर उनी स्वयं पनि भन्छिन् कि ठूलो कक्षा र समय अभाव जस्ता बाध्यताहरूले यसलाई कठिन बनाउँछन्। यसले शिक्षकहरूको क्षमता र विद्यालय व्यवस्थापनबीचको अन्तर देखाउँछ।

**शिक्षकहरूको ज्ञान र प्रशिक्षणको असन्तोषजनक अवस्था**

शिक्षकहरुको विभेदिकरणसम्बन्धी ज्ञान तथा प्रशिक्षणको सन्तोषजनक अवस्था नरहनु पनि यसको लागि समस्या बनेको पाइन्छ। यस सम्बन्धमा प्रतिक्रियादाताको विचार निम्नअनुसार रहेको छ-

हामीलाई पाठ्यक्रम विभेदिकरणसम्बन्धी केही तालिम त दिइयो, तर त्यो पर्याप्त थिएन। व्यवहारमा प्रयोग गर्न चुनौतीहरु धेरै छन्। (अध्यापक १)

तालिमहरू प्रायः सैद्धान्तिक हुन्छन् व्यावहारिक अभ्यास कम हुने भएकाले वास्तविक कक्षामा प्रयोग गर्न गाह्रो हुन्छ। (अध्यापक २)

पाठ्यक्रम विभेदिकरणका लागि आवश्यक स्रोत र मार्गदर्शन नहुँदा हामी कहिले काहीं हतोत्साहित पनि हुन्छौं। (विद्यालय प्रमुख)

माथिका विचारहरुबाट शिक्षकहरूले तालिम र स्रोतको कमीलाई गम्भीर चुनौतीको रूपमा औंल्याएको प्रष्ट हुन्छ। गुणात्मक तथ्याङ्कअनुसार शिक्षक तालिम प्रायः सैद्धान्तिक मात्र हुन्छन् र व्यवहारमा ल्याउन सहज हुँदैन। Subban -2006 ले पनि यसलाई समर्थन गर्दै बताएका छन् कि शिक्षकको प्रशिक्षण र पेसागत विकासले विभेदिकरणको सफलताको लागि आधार तयार गर्छ। नेपालजस्तो स्रोत र साधन सीमित भएको देशमा, तालिम मात्र होइन त्यसको प्रभावकारी कार्यान्वयनका लागि निरन्तर अनुगमन र सहयोग आवश्यक हुन्छ। यसले शिक्षकहरूको मनोबलमा असर पुर्‍याउने र अन्ततः विभेदिकरणको अभ्यासमा कमी आउने सम्भावना देखाउँछ।

**शैक्षिक स्रोत र उपयुक्त वातावरणको अभाव**

पाठ्यक्रम विविधिकरणको समस्याको रूपमा शैक्षिक स्रोत तथा उपयुक्त वातावरणको अभाव पनि रहेको पाइन्छ। यस सम्बन्धमा प्रतिक्रियादाताको विचार निम्नअनुसार रहेको पाइन्छ-

कक्षामा विविध विधि अपनाउन आवश्यक पर्ने सामग्री र प्रविधिको अभाव छ। यस अवस्थामा हामी पुस्तकहरूमा मात्रै निर्भर रहन्छौं। (अध्यापक १)

हामीसँग विद्यार्थीलाई फरक-फरक तरिकाले सिकाउने पर्याप्त स्रोत र साधन छैनन्। जस्तै- मल्टिमिडिया र प्रविधिजन्य सामग्री। (अध्यापक २)

विद्यालयमा प्रविधिको प्रयोग निकै कम छ, जसले गर्दा आधुनिक शिक्षण विधि अपनाउन सकिरहेका छैनौं। (विद्यालय सहायक प्रमुख)

माथिका यी भनाईहरूले पाठ्यक्रम विभेदिकरणको लागि आवश्यक शैक्षिक स्रोत र प्रविधिको अभावलाई देखाउँछन्। Gardner -1983 को बहु-बुद्धिमत्ता सिद्धान्त अनुसार विभिन्न बुद्धिमत्ता र रुचिका विद्यार्थीहरूलाई लक्षित गर्न सामग्री र विधि विविध किसिमको हुनुपर्छ। तर नेपालका विद्यालयहरूले पुराना स्रोत र सिमित प्रविधिमा मात्र निर्भर रहँदा बहुबुद्धिमत्तायुक्त सिकाइ शैलीलाई सम्बोधन गर्न सकिरहेका छैनन्। यसले पाठ्यक्रम विभेदिकरणको वास्तविक प्रभावकारितालाई सीमित बनाउँछ।

**स्रोत साधन र पूर्वाधारको अभाव**

पाठ्यक्रम विविधिकरणको समस्याको रुपमा सोत साधन तथा पूर्वाधारको अभाव पनि रहेको छ। यस सन्दर्भमा प्रतिक्रियादाता विचारहरू निम्नअनुसार रहेको पाइन्छ-

विद्यालयमा पर्याप्त शिक्षण सामग्री छैनन् जसले गर्दा फरक-फरक क्षमता भएका विद्यार्थीलाई अलग-अलग किसिमबाट सिकाउन सकिँदैन। (अध्यापक ३)
प्राविधिक उपकरण र मल्टिमिडिया जस्ता शिक्षणका लागि उपयुक्त स्रोत साधन नहुनुले पाठ्यक्रम विभेदिकरणमा ठूलो बाधा पुगेको छ। (अध्यापक ४)
स्रोतको कमीले गर्दा हामीले एउटै तरिका मात्र अपनाउन बाध्य छौं जुन सबैका लागि उपयुक्त हुँदैन । (विद्यालय प्रमुख)
माथिका विचारहरुबाट शिक्षक र व्यवस्थापक दुवैले स्रोत र पूर्वाधारको अभावलाई मुख्य चुनौतीको रूपमा उजागर गरेको प्रष्ट हुन्छ। Gardner -1983 को बहु-बुद्धिमत्ता सिद्धान्तमा आधारित शिक्षण सामग्री र प्रविधि आवश्यक रहेको भए पनि स्रोत र साधनको सीमितताका कारण फरक-फरक बुद्धिमत्ता र सिकाइ शैलीलाई सम्बोधन गर्न सकिएको छैन। Subban -2006 का अनुसार विभेदिकरणलाई सफल बनाउन आवश्यक शैक्षिक स्रोतहरूको आवश्यकता परिपूर्ति अनिवार्य हुन्छ। नेपालको विद्यालय स्तरमा यो अवस्था अझै सुधार हुन बाँकी छ।

**समय र शिक्षक भार**

पाठ्यक्रम विविधिकरणको समस्याको रूपमा समय तथा शिक्षकको कक्षा भार पनि रहेको पाइन्छ। यस सन्दर्भमा विभिन्न प्रतिक्रियादाताका विचारहरू यसप्रकार रहेका छन्-
विभेदिकरणका लागि विद्यार्थीको आवश्यकता अनुसार योजना बनाउन समय पर्याप्त हुँदैन। (अध्यापक ४)
हामीसँग पढाउने विषय धेरै छन् र विद्यार्थीको सङ्ख्या पनि धेरै भएकोले व्यक्तिगतरूपमा ध्यान दिन सक्दैनौं । (अध्यापक ३)
समय अभावले गर्दा पाठ्यक्रम विभेदिकरणलाई प्राथमिकता दिन सकिँदैन।(विद्यालय सहायक प्रमुख)
माथिका विचारहरूका आधारमा समय र शिक्षकको कामभारलाई पनि विभेदिकरणका चुनौतीका रूपमा लिन सकिन्छ। Tomlinson -2014 ले पनि पाठ्यक्रम विविधिकरणमा यो समस्या औंल्याएकी छन्। उनका विचारमा शिक्षकहरूले बहुबुद्धिमत्तायुक्त विद्यार्थीलाई लक्षित गरेर कक्षा सञ्चालन गर्दा अधिक समय र योजना आवश्यक पर्छ। नेपालका विद्यालयमा धेरै विषय र ठूलो कक्षा हुने हुँदा व्यक्तिगत भिन्नता अनुसार सिकाउन समय अभाव र अधिक कक्षा भारले बाधा पुऱ्याउँछ।

**शिक्षक प्रशिक्षण र ज्ञानको कमी**

शिक्षक प्रशिक्षण तथा विविधिकरणसम्बन्धी ज्ञानको कमी पनि पाठ्यक्रम विविधिकरणको समस्या हो। यस सम्बन्धमा विभिन्न प्रतिक्रियादाताको विचार निम्नअनुसार रहेको छ-
हामीलाई विभेदिकरणका लागि उपयुक्त तालिम दिइएको छैन, जसले गर्दा नयाँ तरिका अपनाउन कठिनाइ हुन्छ। (अध्यापक ३)
तालिमहरू प्रायः थोरै र सैद्धान्तिक किसिमका हुन्छन् यस्तो अवस्थामा व्यावहारिक अभ्यासको कमी छ । (अध्यापक ४)
विभेदिकरणसम्बन्धी ज्ञान र कौशल अभावले हामीलाई प्रभावकारी काम गर्न गाह्रो बनाएको छ। (विद्यालय प्रमुख)
माथिका यी विचारहरुका आधारमा शिक्षकहरूको तालिम र ज्ञानको कमीलाई चुनौतीको रूपमा विशेष किसिमबाट उल्लेख गर्न सकिन्छ। Subban -2006 ले पनि स्पष्ट पारेका छन् कि जहाँ शिक्षकको व्यावसायिक विकासमा सुधार हुँदैन त्यहाँ विभेदिकरणको सफल कार्यान्वयन सम्भव हुँदैन। पर्याप्त तालिम नहुँदा शिक्षकहरू नयाँ शिक्षण विधि अपनाउन सङ्कोच गर्छन् र विद्यार्थीहरूको फरक आवश्यकतालाई सम्बोधन गर्न कठिनाइ हुन्छ।

**मूल्याङ्कन प्रणालीको कठोरता**

पाठ्यक्रम विविधिकरणको समस्याका रूपमा मूल्याङ्कन प्रणालीको कठोरता पनि रहेको पाइन्छ। यस सम्बन्धमा विभिन्न प्रतिक्रियादाताको विचार यसप्रकार रहेको छ-
वर्तमान मूल्याङ्कन प्रणालीले सबै विद्यार्थीलाई एउटै तरिकाले लेखाजोखा गर्दछ जसले विभेदिकरणको विरोध गर्छ।(अध्यापक १
परीक्षा र ग्रेडिङ् प्रणालीले शिक्षकलाई फरक तरिका अपनाउन बाधा पुऱ्याउँछ।(विद्यालय प्रमुख)
हामीले मूल्याङ्कनमा नयाँ विधि प्रयोग गर्न सकेनौं किनभने नीतिले अनुमति दिँदैन। (अध्यापक ४)

माथिका यी विचारहरुबाट प्रष्ट हुन्छ कि मूल्याङ्कन प्रणाली पाठ्यक्रम विभेदिकरणको प्रक्रियामा अवरोधको रूपमा रहेको छ। Tomlinson -2003 ले पनि मूल्याङ्कन प्रणालीलाई समावेशी र बहुविधायुक्त

बनाउनुपर्नेमा जोड दिएको पाइन्छ । यस अर्थमा नेपालमा परम्परागत परीक्षा प्रणाली र ग्रेडिङ् विधि शिक्षकलाई फरक-फरक तरिका अपनाउनबाट रोक्ने एक प्रमुख कारक बनेको देखिन्छ।

**पाठ्यक्रम विभेदिकरणका समस्या समाधानका उपायहरू**

**शिक्षक तालिम र व्यावसायिक विकासको सुधार**

पाठ्यक्रम विविधिकरणमा शिक्षक तालिम तथा व्यावसायिक विकासको सुधार गर्न सकिएमा निश्चित किसिमका समस्या समाधान हुने देखिन्छ । यस सम्बन्धमा प्रतिक्रियादाताका विचारहरु निम्नअनुसार रहेका छन्-

नियमित र व्यावहारिक तालिमहरू भए भने हामी सजिलैसँग नयाँ शिक्षण तरिका अपनाउन सक्ने थियौं । (अध्यापक ४)

अझै बढी तालिम र सहजीकरण आवश्यक छ, जसले हामीलाई प्रभावकारी पाठ्यक्रम विभेदिकरण गर्न सहयोग गर्न सक्छ। (अध्यापक २)

हाम्रो क्षमता विकासका लागि थप कार्यशाला र क्याम्प आयोजना गरिनुपर्छ। (विद्यालय सहायक प्रमुख)

माथिका यी विचारहरुबाट शिक्षकहरूले गुणस्तरीय र व्यावहारिक तालिमको आवश्यकतालाई जोड दिएको प्रष्ट हुन्छ। Subban -2006 र Tomlinson -2014 का अनुसार शिक्षक तालिमले शिक्षकको मनोबल मात्र बढाउँदैन विभेदिकरणको अभ्यासमा समेत सुधार ल्याउँछ। यसले शिक्षकलाई नयाँ शिक्षण विधि र मूल्याङ्कन प्रक्रियामा दक्ष बनाउँछ र विद्यार्थीहरूका विभिन्न किसिमका आवश्यकतालाई सम्बोधन गर्न सकिन्छ।

**स्रोत र प्रविधिको उपलब्धतामा वृद्धि**

पाठ्यक्रम विविधिकरणमा स्रोत र प्रविधिको उपलब्धतामा वृद्धि गर्दा पनि केही निश्चित किसिमका समस्याहरू समाधान हुने देखिन्छन्। यस सन्दर्भमा प्रतिक्रियादाताका विचारहरू निम्नअनुसार रहेका छन्-

विद्यालयमा पर्याप्त शिक्षण सामग्री र प्रविधि चाहिन्छ जस्को माध्यमबाट हामी विभिन्न तरिकाले सिकाउन सक्छौं। (अध्यापक १)

शिक्षण सिकाइमा प्रविधिको पहुँच बढाउनुपर्छ, यसले सिकाइ प्रक्रियामा विविधता ल्याउन मद्दत गर्दछ । (अध्यापक २)

स्रोतको अभाव हटाएर विद्यार्थीहरूलाई फरक तरिकाले सिकाउने वातावरण बनाउन जरुरी छ। (विद्यालय प्रमुख)

माथिका यी विभिन्न विचारहरूले पाठ्यक्रम विभेदिकरणका लागि विविध स्रोत साधन र प्रविधिको महत्त्व शिक्षक र प्रशासन दुवैले स्वीकारेको प्रष्ट पार्दछन्। Gardner -1983 को बहु-बुद्धिमत्ता सिद्धान्तअनुसार विविध सामग्री र प्रविधि उपलब्ध हुँदा विद्यार्थीको बौद्धिक क्षमताअनुसार सिकाइ प्रभावकारी हुन्छ। डिजिटल प्रविधि र मल्टिमिडियामार्फत् गरिने शिक्षणले सिकाइमा रुचि र सक्रियता बढाउँछ जुन नेपालमा अझै अपूरो छ।

**समय व्यवस्थापन र शिक्षक भारको सन्तुलन**

पाठ्यक्रम विभेदिकरणमा समय व्यवस्थापन र शिक्षक भारको सन्तुलन भएमा कतिपय समस्याको समाधानमा सहयोग पुग्ने देखिन्छ। यस सन्दर्भमा विभिन्न प्रतिक्रियादाताको विचार निम्नअनुसार रहेको छ-

हामीलाई कक्षा व्यवस्थापनमा सहयोग पुऱ्याउने थप सहायक कर्मचारी र समय व्यवस्थापन गर्न आवश्यक छ। (अध्यापक ५)

ठूला कक्षा र धेरै विषयले हामीलाई व्यक्तिगत भिन्नतालाई ध्यान दिनबाट रोक्छ त्यसैले यसको व्यवस्थापनमा सुधार आवश्यक छ। (अध्यापक ६)

विद्यालय प्रशासनले शिक्षकको कक्षाभार कम गर्ने उपायहरू ल्याउनु पर्छ यसबाट हामीले पाठ्यक्रमको विभेदिकरणमा ध्यान दिन सक्छौं। (विद्यालय सहायक प्रमुख)

माथिका यी विचारहरुबाट शिक्षक भार र समय व्यवस्थापनलाई सुधार्नुपर्ने आवश्यकतामा जोड दिएको प्रष्ट छ। Tomlinson -2014 ले पनि शिक्षकलाई अधिक समय र सहयोग दिएर मात्र प्रभावकारी पाठ्यक्रम विभेदिकरण सम्भव हुने बताएकी छन्। अतिरिक्त सहायक कर्मचारी र कार्यभार व्यवस्थापनले पनि शिक्षकलाई सिकाइका क्रियाकलापमा नवप्रवर्तन गर्ने मौका दिन्छ।

**मूल्याङ्कन प्रणालीमा सुधार र लचकता**

पाठ्यक्रम विभेदिकरणमा मूल्याङ्कन प्रणालीमा सुधार र लचकताको माध्यमबाट पनि कतिपय विशिष्ट समस्याहरु समाधान गर्न सकिन्छ। यस सम्बन्धमा प्रतिक्रियादाताको विचार निम्नअनुसार रहेको छ-

मूल्याङ्कन प्रणालीमा लचकता आए मात्र हामी विद्यार्थीको फरक क्षमताअनुसार मूल्याङ्कन गर्न सक्छौं । (अध्यापक ५)

नयाँ मूल्याङ्कन विधि र उपकरणहरू अपनाउन नीतिगत तहबाट सहयोग चाहिन्छ। (विद्यालय प्रमुख)

हामीलाई फरक-फरक विद्यार्थीका लागि उचित मूल्याङ्कन गर्ने कार्यप्रक्रिया र यससम्बन्धी मार्गदर्शन चाहिन्छ। (अध्यापक ६)

माथिका यी विचारहरुबाट मूल्याङ्कन प्रणालीलाई बहुविधायुक्त र लचिलो बनाउनु आवश्यक रहेको प्रष्ट हुन्छ। Tomlinson et al. -2003 का अनुसार विद्यार्थीका विभिन्न सिकाइ शैली र स्तरअनुसार मूल्याङ्कन विधि प्रयोग गर्न सक्नुपर्छ। नेपालमा परम्परागत मूल्याङ्कन प्रणालीले यो सम्भव नबनाउँदा विभेदिकरणको प्रभावकारिता कम भइरहेको छ। यसका लागि नीति तथा प्रशासनिक तवरबाट सुधार आवश्यक छ।

**विद्यार्थीसँगको लक्षित समूह छलफलबाट प्राप्त सूचनाको विश्लेषण**

**सबैका लागि एउटै शिक्षण पद्धति**

लक्षित समूह छलफलबाट प्राप्त जानकारी यसप्रकार रहेको छ-

धेरैजसो विद्यार्थीहरूले एउटै शैली र सामग्रीमा आधारित शिक्षण पद्धतिमा असहजता महसुस गरेका छन्। हामी सबै फरक छौं, तर पढाउने तरिका एउटै हुन्छ

कसैलाई चित्र हेरेर बुझ्न सजिलो हुन्छ, कसैलाई कथाबाट तर हामीलाई सधैं किताब पढेर मात्रै पढाइन्छ।

**व्यक्तिगत आवश्यकता सम्बोधन नहुनु**

विद्यार्थीहरूका अनुसार शिक्षकहरूले उनीहरूको रुचि र क्षमताअनुसार फरक फरक अभ्यास वा सहयोग नगर्ने गरेको देखियो।

म गणितमा कमजोर छु, तर सबैले एउटै गृहकार्य गर्छौं।

हामीलाई के मन पर्छ भनेर कसैले सोध्दैन तर पढाइ मात्र हुन्छ।

**मूल्याङ्कन प्रणालीप्रति असन्तुष्टि**

विद्यार्थीका विचारहरूका आधारमा मूल्याङ्कन प्रणालीप्रति असन्तुष्टि रहेको पाइन्छ जुन पाठ्यक्रम विविधिकरणको समस्या हो। जस्तै केही दृष्टिकोणहरू यस प्रकार रहेका छन्-

हामीलाई सिकेको होइन, परीक्षा दिएकै आधारमा मात्रै शिक्षकले हेर्छन्।

विद्यार्थीहरू बहु-बुद्धिमत्तामा आधारित मूल्याङ्कन प्रणालीको अभावप्रति असन्तुष्ट छन् । उनीहरूले वैकल्पिक मूल्याङ्कन चाहेका छन् जसले मात्र उनीहरूको विविध क्षमता पहिचान गर्न सक्छ।

**फरक तरिकाले पढाइ भएको अनुभवको प्रभाव**

केही विद्यालय वा शिक्षकले प्रोजेक्ट, चित्र, समूह कार्य प्रयोग गर्दा उनीहरूलाई उत्साह र सजिलो भएको अनुभव सुनाइयो। जस्तै-

एकचोटि हाम्रै रुचिको परियोजना गर्न दिइएको थियो, त्यो बेला धेरै रमाइलो भयो र सजिलो पनि।

यसले देखाउँछ कि पाठ्यक्रम विभेदिकरणको अभ्यास पर्याप्त भएमा विद्यार्थीहरूको संलग्नता र सिकाइमा सकारात्मक प्रभाव पर्छ।

**अध्ययनको सैद्धान्तिक सम्बन्ध**

पाठ्यक्रम विभेदिकरणका समस्या र चुनौतीहरूलाई बुझ्नका लागि Gardner (1983) को बहु-बुद्धिमत्ता सिद्धान्त र Tomlinson (2014) को विद्यार्थी केन्द्रित विभेदिकरण अवधारणा महत्त्वपूर्ण सैद्धान्तिक आधार हुन्। Gardner को सिद्धान्तले विभिन्न प्रकारका बुद्धिमत्ता र सिकाइ शैलीहरूलाई मान्यता दिन्छ र शिक्षण प्रक्रियामा ती विविधतालाई सम्बोधन गर्ने आवश्यकतामा जोड दिन्छ जसले पाठ्यक्रम विभेदिकरणको आवश्यकता औंल्याउँछ। तर यसका लागि विद्यालयमा पर्याप्त स्रोत, प्रविधि र दक्ष शिक्षकको आवश्यकता हुन्छ भन्ने कुरालाई यस अध्ययनका शिक्षक र प्रशासनिक पदाधिकारीहरूको भनाइले पुष्टी गरेको छ। Tomlinson (2014) का अनुसार प्रभावकारी विभेदिकरणको लागि शिक्षकहरूको तालिम, समय व्यवस्थापन र लचिलो मूल्याङ्कन प्रणाली आवश्यक हुन्छ जसले विद्यार्थीको क्षमता, रुचि र पूर्वज्ञानको आधारमा सिकाइ प्रक्रियालाई अनुकूल बनाउँछ। नेपालका सामुदायिक विद्यालयहरूमा देखिएका तालिमको अभाव, स्रोतको सीमितता, ठूलो कक्षा र कठोर मूल्याङ्कन प्रणाली जस्ता चुनौतीहरू यी सैद्धान्तिक आवश्यकतासँग मेल नखाने समस्याहरू हुन्। त्यसैले बहु-

बुद्धिमत्ता सिद्धान्त र विभेदिकरणको अवधारणाले सुझाएको शिक्षक केन्द्रित, स्रोत सम्पन्न र लचिलो वातावरणको अभाव नै नेपालमा पाठ्यक्रम विभेदिकरणमा देखिएको समस्या र अवरोधको मुख्य कारण रहेको देखिन्छ। यसले सैद्धान्तिक र व्यवहारिक दुवै पक्षलाई जोड्दै नेपालमा प्रभावकारी पाठ्यक्रम विभेदिकरणका लागि प्रणालीगत सुधार आवश्यक रहेको प्रमाणित गर्छ।

## निष्कर्ष

नेपालका विद्यालयहरूमा पाठ्यक्रम विभेदिकरणको अभ्यास प्रारम्भिक चरणमा रहेको र विविध चुनौतीहरूले यसलाई प्रभावकारी बनाउने बाटोमा अवरोध पुगेको देखिन्छ। शिक्षकहरूले विभेदिकरणको महत्वलाई बुझेकाले प्रयासरत भए पनि स्रोत अभाव, अपर्याप्त तालिम, ठूलो कक्षा, समयको कमी र परम्परागत मूल्याङ्कन प्रणालीले यसको कार्यान्वयनमा चुनौतीहरू सिर्जना गरेका छन् । बहु-बुद्धिमत्ता सिद्धान्त र विद्यार्थी केन्द्रित विभेदिकरणको अवधारणाले सुझाएको जस्तो शिक्षक तालिम, शैक्षिक स्रोत, लचिलो मूल्याङ्कन प्रणाली र समय व्यवस्थापनमा सुधार आवश्यक रहेको छ। यी समस्याहरूलाई समाधान गर्न शिक्षकको व्यावसायिक विकास, स्रोत साधन तथा प्रविधिको उपलब्धता, व्यवस्थापन पक्षमा सुधार र नीतिगत तहमा सहजीकरण अपरिहार्य छ। यसबाट नेपालका सामुदायिक विद्यालयहरूले सबै विद्यार्थीको विविध आवश्यकतालाई सम्बोधन गर्दै गुणस्तरीय शिक्षाको लक्ष्य प्राप्त गर्न सक्ने देखिन्छ।

## सन्दर्भ सूची


खनाल, पेशल, र भट्ट, अमृत, (२०२०)। नेपालका कक्षामा विभेदिकरण शिक्षकका दृष्टिकोण र अभ्यास। *नेपाल शिक्षाशास्त्र जर्नल,* १(२), ३१-४६।

जोशी, राजेश, र अधिकारी, टिका। (२०२१)। नेपालको ग्रामीण विद्यालयहरूमा पाठ्यक्रम विभेदिकरणको सन्दर्भमा अभ्यास। *शिक्षा अनुसन्धान तथा विकास जर्नल,* ५(१), २२-३६।

भट्टराई, रामचन्द्र, (२०२२)। शैक्षिक विविधता र नेपालका सार्वजनिक विद्यालयहरूमा पाठ्यक्रम कार्यान्वयनका चुनौतीहरू। *शिक्षाशास्त्र अनुसन्धान पत्रिका,* १८(१), ४५-५८।

Bloom, B. S. (1956). *Taxonomy of educational objectives: The classification of educational goals*. Handbook I: Cognitive domain. Longmans.

Gardner, H. (1983). *Frames of mind: The theory of multiple intelligences*. Basic Books.

Hall, T., Strangman, N., & Meyer, A. (2003). Differentiated instruction and implications for UDL implementation. *Wakefield, MA: National Center on Accessing the General Curriculum*.

Katz, J., & Sokal, L. (2018). Teachers' perceptions of differentiated instruction and classroom management. *Journal of Instructional Research*, 7, 42–50. https://doi.org/10.9743/JIR.2018.1.7

King-Sears, M. E. (2009). Universal Design for Learning: Technology and pedagogy. *Learning Disability Quarterly*, 32(4), 199–201. https://doi.org/10.2307/27740344

Koh, K. H., & Shin, H. S. (2019). The effects of differentiated instruction on student achievement. *Journal of Educational Research*, 112(5), 645–655 . https://doi.org/10.1080/00220671.2018.1441497

Kizlik, B. (2019). Differentiated instruction strategies. *Educational Resources*. https://www.educationalresources.com/differentiated-instruction

Moon, T. R., Brighton, C. M., & Callahan, C. M. (2003). Differentiation in practice: A resource guide for differentiating curriculum, grades 5–9. *MENC: The National Association for Music Education*.

Subban, P. (2006). Differentiated instruction: A research basis. *International Education Journal*, 7(7), 935–947.

Tomlinson, C. A. (2014). *The differentiated classroom: Responding to the needs of all learners* (2nd ed.). ASCD.

Tomlinson, C. A., Brighton, C. M., Hertberg, H. L., Callahan, C. M., Moon, T. R., Brimijoin, K., & Reynolds, T. (2003). Differentiating instruction in response to student readiness, interest, and learning profile in academically diverse classrooms: A review of literature.

*Journal for the Education of the Gifted*, 27(2–3), 119–145 . https://doi.org/10.1177/016235320302700203
Vygotsky, L. S. (1978). *Mind in society: The development of higher psychological processes*. Harvard University Press.
Watson, S. L., & Tharp, R. G. (2014). *Self-directed behavior: Self-modification for personal adjustment* (10th ed.). Cengage Learning.
Wiggins, G., & McTighe, J. (2005). *Understanding by design* (Expanded 2nd ed.). ASCD.